नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
(प्रशासन तथा संस्थान महाशाखा)

Website: https://moics.gov.np
E-mail: info@moics.gov.np
फोन नं:-४२११६७५
सिंहदरबार, काठमाडौं
नेपाल

मिति: २०७९/०४/०४

विषय: परिपत्र ।

श्री सबै महाशाखा, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय।
श्री सबै विभाग/कार्यालय ।

राष्ट्रिय सतर्कता केन्द्रको च.नं. ११०००००००३ मिति २०७९/०४/०२ को पत्रबाट भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० मा "सार्वजनिक पदधारण गरेको व्यक्तिले त्यस्तो पदधारण गरेको मितिले ६० दिन भित्र र त्यसपछि हरेक आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिन भित्र आफ्नो र आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सा सहितको अद्यावधिक विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकाय वा अधिकारी समक्ष पेश गर्नु पर्नेछ" भन्ने कानुनी व्यवस्था छ साथै चालु आ.व.मा समेत आ.व. २०७८/७९ को सम्पत्ति विवरण उल्लिखित राजपत्र वमोजिम भर्ने भराउने व्यवस्था गर्नहुन आदेशानुसार अनुरोध छ भनी लेखी आएकोले सोही अनुसार गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ । पत्रको छायाँप्रति यसैसाथ संलग्न छ ।

(दीपक दाहाल)
शाखा अधिकृत

बोधार्थ
श्री सूचना प्रविधि शाखा,
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय : वेबसाइटमा अपलोड गरिदिनुहुन ।

नेपाल सरकार
# राष्ट्रिय सतर्कता केन्द्र
(सम्पत्ति विवरण तथा अनुगमन शाखा)

फोन नं. ४२००-४४१, ४२००-४१२
हटलाइन : ४२००-३४५
फ्याक्स : ४२००४००
इमेल : nvcsampati@gmail.com
वेबपेज : www.nvc.gov.np

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
दर्ता संख्या : 48
मिति : 2079/4/3

प.सं. : २०७९/८०
मिति :- २०७९।०४।०२

च.नं. | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ३ |

विषय:- आ.व. २०७८/०७९ को सम्पत्ति विवरण सम्बन्धमा

श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय,
सिंहदरबार, काठमाण्डौ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० मा "सार्वजनिक पदधारण गरेको व्यक्तिले त्यस्तो पदधारण गरेको मितिले ६० दिन भित्र र त्यसपछि हरेक आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिन भित्र आफ्नो र आफ्नो परिवारको नाममा रहेको सम्पतिको स्रोत वा निस्सा सहितको अद्यावधिक विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकाय वा अधिकारी समक्ष पेश गर्नु पर्नेछ" भन्ने कानुनी व्यवस्था छ । वि.सं.२०७५ साल असार २० गते नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को प्रस्तुत दफा कार्यान्वयनार्थ निकाय वा अधिकारी तोकेको छ।

प्रस्तुत विषयमा उल्लिखित राजपत्र बमोजिम हरेक आ.व.मा र सुरु नियुक्तिको ६० दिनभित्र सम्पत्ति विवरण पेश गरे/नगरेको सम्बन्धमा तथ्याङ्क सङ्कलन गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (३) एवं राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली, २०६५ को नियम ९ र १० बमोजिम आवश्यक कारवाहीका लागि अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पठाइने गरिएको व्यहोरा अवगत गर्दै चालु आ.व.मा समेत आ.व.२०७८/७९ को सम्पत्ति विवरण उल्लिखित राजपत्रबमोजिम भर्ने भराउने व्यवस्था गर्नुहुन आदेशानुसार अनुरोध छ । साथै, उल्लिखित राजपत्र (http://bibaran.nvc.gov.np/sampati bibaran bujhauna tokieka nikaya sambandhi nepal rajpatra.pdf) बाट हेर्न र डाउनलोड गर्न सकिने व्यहोरा समेत अनुरोध छ।

.....................................
राजेन्द्रप्रसाद आचार्य
उपसचिव